# धितोमा रहेको सम्पति लिलाम बिक्री सम्बन्धी २१ दिने सार्वजनिक सूचना

(प्रकाशित मिति २०८० साल फागुन महिना ३० गते बुधबार)

यस विकास बैंक लि.को शाखा कार्यालय कमलादीबाट उल्लेखित ऋणीले व्यवसायिक अधिविकर्ष कर्जा शिर्षक अन्तर्गत लिएको कर्जाको सावां, व्याज र अन्य दै-दस्तुर समेत तिर्ने बुझाउने सम्बन्धमा बैंकसंग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र बैंकबाट पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत सो कर्जाको तिर्नु बुझाउनु पर्ने सावां ब्याज तथा हर्जाना समेत चुक्ता भुक्तान गर्न आउने तर्फ कुनै चासो नदेखाउनु भएको र नआउनु भएकोले सम्पूर्ण कर्जा चुक्ता गर्न आउनु हुन भनी बैंकबाट विभिन्न मितिमा सार्वजनिक सूचना प्रकाशित गरिएता पनि कर्जा चुक्ता भुक्तान गर्न तर्फ कुनै पहल नगरी आलटाल गरेकोले बैंकको कर्जा असुलीको लागि तपशिलमा उल्लेखित धितो (सम्पत्ति) जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा गोप्य शिलबन्दी बोलपत्र प्रक्रियाद्धारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नुपर्ने भएकोले धितो लिलाम बिक्री सम्बन्धी यो २१ (एक्काइस) दिने सूचना प्रकाशित गरिएको छ । उक्त मिति भित्र नतिरे नबुझाएमा प्रचलित कानुन अनुसार सूचना प्रकाशित भएको मितिले २२ औं दिन यस बैंकलाई लेखिदिएको धितो सुरक्षणमा रहेको तपशिलमा उल्लेखित सम्पत्ति जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गरिने हुँदा इच्छुक महानुभावहरुले देहाय बमोजिमको शर्त तथा बन्देजहरुको अधिनमा रहने गरी यो सूचना प्रकाशित भएको मितिले २१ औ दिनको कार्यालय समय भित्र यस बैकको शाखा कार्यालयहरुमा गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन सूचित गरिन्छ ।

## तपशिल

| ऋणीको विवरण | व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण |
|---|---|
| नाम : **हिमाल पावर इन्टरनेशनल**<br>प्रोप्राइटरको नाम : सुलभ ढकाल<br>प्रा.फ.र.नं. : १३२०९७/०७३/७४<br>दर्ता मिति : २०७३/०९/०६<br>दर्ता गर्ने कार्यालय : वाणिज्य विभाग, काठमाडौं<br>स्थायी लेखा नं. : ६०५५४८९६९<br>रजिष्टर्ड ठेगाना : काठमाडौं जिल्ला काठमाडौं म.न.पा. वडा नं. ७ | २. नाम : **सोनिया गौतम**<br>बाबुको नाम : श्रीधर शर्मा<br>पतिको नाम : लव कुमार ढकाल<br>ससुराको नाम : होम नाथ ढकाल<br>स्थायी ठेगाना : काठमाडौं जिल्ला काठमाडौं नगर पञ्चायत वडा नं. १०<br>हालको ठेगाना : काठमाडौं जिल्ला काठमाडौं म.न.पा. वडा नं. ७<br>ना.प्र.नं. : ६३३७<br>जारी मिति र जिल्ला : २०४५/०९/११, काठमाडौं |

| व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण | |
|---|---|
| २. नाम : **सुलभ ढकाल**<br>बाबुको नाम : लव कुमार ढकाल<br>बाजेको नाम : होम नाथ ढकाल<br>ठेगाना : काठमाडौं जिल्ला काठमाडौं म.न.पा. वडा नं. ७<br>ना.प्र.नं. : २७ १०६०/७७८०८<br>जारी मिति र जिल्ला : २०६८/०१/२९, काठमाडौं | ३. नाम : **लव कुमार ढकाल**<br>बाबुको नाम : होम नाथ ढकाल<br>बाजेको नाम : हेम नाथ ढकाल<br>ठेगाना : काठमाडौं जिल्ला काठमाडौं म.न.पा. वडा नं. ७<br>ना.प्र.नं. : २७-०१-७३-१२४१५<br>जारी मिति र जिल्ला : २०७३/०९/१२, काठमाडौं<br>ना.प्र.प्रतिलिपि जारी मिति र जिल्ला : २०७६/०५/०३, काठमाडौं |

**यसअघि प्रकाशित गरिएको सूचनाको विवरण :**
मिति २०८०/१०/२२ को मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकामा कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धि ३५ दिने सार्वजानिक सूचना प्रकाशित गरिएको ।

**धितो सुरक्षण सम्बन्धी विवरण :** उल्लेखित घरजग्गा/जग्गा र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

| धितोधनीको नाम | धितोको ठेगाना | सिट नं. | कि.नं. | क्षेत्रफल (व.मि.) | किसिम | पूर्व | पश्चिम | उत्तर | दक्षिण |
|---|---|---|---|---|---|---|---|---|---|
| लव कुमार ढकाल | काठमाडौं जिल्ला, का. म. न. पा. वडा नं. ७ | १०२१०६७०७ | २०४ | १५६.९८ | शहरी | कि.नं. ३३९, २१७ | कि.नं. २०३ मोटर बाटो ७' ४'' | कि.नं. ३००, २१७ | कि.नं. ३३९ |

## शर्त बन्देजहरु :

१) शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले २१ दिन अर्थात मिति २०८०/१२/२० गते मंगलबार भित्र यस बैकको शाखा कार्यालय कमलादी आईपुग्ने गरि पेश गर्नुपर्ने छ ।

२) बोलपत्र फारममा आफुले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्ने छ ।

३) माथि उल्लेखित सम्पूर्ण धितो सुरक्षणहरु जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणका लागि बेग्ला बेग्लै वा एकमुष्ठ बोलपत्र पेश गर्न सकिनेछ ।

४) प्राप्त बोलपत्रहरु मिति २०८०/१२/२१ गते बुधबार अर्थात २२ औ दिन दिउसो १:०० बजे यस बैकको शाखा कार्यालय कमलादीमा उपस्थित प्रतिनिधि, बोलपत्रकर्ता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ । बोलपत्र खोल्ने समयमा बोलाईएका सबै प्रतिनिधि, बोलपत्रकर्ता वा निजको प्रतिनिधि उपस्थित नरहे पनि सो कारणले बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन ।

५) बोलपत्र खोलिने दिनमा सार्वजनिक विदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिनमा सोही स्थान र समयमा लिलाम कार्य हुनेछ ।

६) धरौटी रकम तथा अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिए बमोजिम हुने व्यहोरा समेत सूचित गरिन्छ ।

७) बोलपत्र स्वीकृत भएमा धितो सुरक्षण सम्पत्ति बोलपत्रदाताको नाममा नामसारी दाखेल खारेज गर्दा लाग्ने रजिष्ट्रेशन दस्तुर, लाभ कर, कर तथा अन्य शुल्क ईत्यादि बोलपत्रदाताले नै व्यहोर्नु पर्नेछ ।

"नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको विकास बैंक"

**मुक्तिनाथ विकास बैंक लि.**

**MUKTINATH BIKAS BANK LTD.**

**Central Office:** Hattisar, Kathmandu, Tel.: 01-4546136, 4537324
Toll Free No.: 16600149999, E-mail: info@muktinathbank.com.np
Web: www.muktinathbank.com.np

Member of Global Alliance for Banking on Values

Winner of EUROPEAN MICROFINANCE AWARD 2020

जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ